# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७५/०२/२० गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

कीर्तिपुर नगरपालिका साविक १५ नं. वडा कार्यालयका तत्कालीन वडा सचिव(खरिदार) विजयलोचन सुवेदीले वडा कार्यालयको आम्दानी हिनामिना गरेको एवं घर/बाटो प्रमाणित सिफारिस र चार किल्ला प्रमाणित सिफारिस गर्दा समेत विवरण हेरफेर, थपघट गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निजले आ.व. २०७१/०७२ र आ.व. २०७२/०७३ मा घर/बाटो प्रमाणित सिफारिस र चारकिल्ला प्रमाणित सिफारिसवापत प्राप्त भएको रु.२६,२२,९३२।-(छब्बीस लाख बाइस हजार नौ सय बत्तीस) मध्ये रु.२२,९५,५५०।-(बाइस लाख पन्चानब्बे हजार पाँच सय पचास) मात्र स्रेस्तामा देखाई हिनामिना गरेको रु.३,२७,३८२।-(तीन लाख सत्ताईस हजार तीन सय बयासी) जग्गाधनीहरुको घर/बाटो प्रमाणित सिफारिस र चारकिल्ला प्रमाणित सिफारिस बापतको रु.४,००,३९७।-(चार लाख तीन सय सन्तानब्बे) र अर्को नगदी रसिद खडा गरी जग्गाधनीसँग लिएको रु.१०,६१०(दश हजार छ सय दश) समेत गरी जम्मा रु.७,३८,३८९।-(सात लाख अठतीस हजार तीन सय उनानब्बे) सरकारी रकम हिनामिना तथा हानिनोक्सानी गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिम कसुर गरेको देखिँदा निजलाई बिगो रु.७,३८,३८९।-(सात लाख अठतीस हजार तीन सय उनानब्बे) कायम गरी सोही ऐनको दफा १७ को आधारमा सोही ऐनको दफा ३(१) तथा ३(१) को देहाय (ङ) बमोजिम जरिवाना तथा कैद सजाय हुन र निजले हिनामिना गरेको रु.४,११,००७।-(चार लाख एघार हजार सात) सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन साथै निजले सरकारी निकाय तथा सार्वजनिक संस्थाका कागजात अनधिकृत तथा गैरकानुनी तरिकाले सच्याई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ११ बमोजिमको कसुर समेत गरेको देखिदा निजलाई सोही ऐनको दफा ११ बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता